कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

०८३।४।८
अजीत कुमार कर्ण
सचिव

## वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ मूल्याङ्कन तथा सिफारिस समितिमा रहने विज्ञहरुको सूची (Roster) को लागी दरखास्त आह्वान सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति: २०८३/०४/०८)

कर्णाली प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को दफा ७ तथा प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४६ मा व्यवस्था भए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनमा राय सुझाव दिनको लागि गठन हुने वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ, मूल्याङ्कन तथा सिफारिस समितिमा प्रस्तावसँग सम्बन्धित आवश्यक विषय विज्ञहरु सदस्य हुने प्रावधान बमोजिम यस मन्त्रालयमा प्राप्त हुने वातावरणीय अध्ययन प्रतिवेदनहरुको पुनरावलोकन, मुल्याङ्कन तथा स्विकृतीका साथै प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत निरीक्षण, अवलोकन तथा अनुगमन गरी प्रस्ताव कार्यान्वयनबाट भौतिक तथा रासायनिक वातावरण, जैविक वातावरण, सामाजिक-आर्थिक र साँस्कृतिक वातावरणमा पर्न सक्ने प्रभावहरूको आंकलन समेत गर्ने गरी वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ मूल्याङ्कन तथा सिफारिस समितिको लागी आवश्यक विषय विज्ञहरुको (ROSTER) तयार गर्ने प्रयोजनार्थ यस मन्त्रालयको Website (http://moitfe.karnali.gov.np) मा ३० (तीस) दिन भित्र यस मन्त्रालयको Website (http://moitfe.karnali.gov.np) को सूचना साथ रहेको निवेदन फारम भरी अन्य आवश्यक कागजातहरु सहित यस मन्त्रालयको विद्युतीय पत्राचार ठेगाना (E-mail Address): moitfe@karnali.gov.np र kb.moitfekp@gmail.com वा यस मन्त्रालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ ।

**आवश्यक कागजात:**

(क) वैयक्तिक विवरण (CV),

(ख) शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(ग) कार्य अनुभव सम्बन्धी प्रमाणित प्रमाणपत्र,

(घ) कम्तिमा गत आ.व. देखी यस मन्त्रालयले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यमा परामर्शदाताको विषयविज्ञको रुपमा संलग्न नभएको भनी स्वःघोषणापत्र।

(ङ) वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रमाण।

**(१) शैक्षिक योग्यता:**

इन्जिनियरिङ्ग (सिभिल, मेकानिकल, केमिकल, इलेक्ट्रिकल, आर्किटेक्ट, ऊर्जा, भुकम्प, बायोटेक, बायोमेडिकल, जलस्रोत, हाइड्रोपावर, इरिगेसन, कृषि, भू-गर्भ, माईनिङ्ग, मेटालर्जिकल, औद्योगिक, वातावरण), स्वास्थ्य, जनस्वास्थ्य विज्ञान, चिकित्सा शास्त्र, अस्पताल व्यवस्थापन, वन विज्ञान, वन्यजन्तु विज्ञान, वातावरण विज्ञान, कृषि विज्ञान, भेटेरीनरी पशु विज्ञान, भौतिक विज्ञान, रसायन विज्ञान, वनस्पति विज्ञान, जीव विज्ञान, प्राणी विज्ञान, शूक्ष्मजीव विज्ञान, माटो विज्ञान, मौसम विज्ञान, भूगर्भ शास्त्र, जलस्रोत व्यवस्थापन, जलाधार व्यवस्थापन, बायोटेक्नोलोजी, विपद् जोखिम व्यवस्थापन, वातावरण व्यवस्थापन, प्राकृतिक स्रोत व्यवस्थापन, जलवायु परिवर्तन व्यवस्थापन, जैविक विविधता संरक्षण तथा व्यवस्थापन, मानवशास्त्र, ग्रामीण विकास, समाजशास्त्र, अर्थशास्त्र, वन अर्थशास्त्र, दीगो विकास, , वातावरण कानून, वातावरण अर्थशास्त्र, पर्यटन, संस्कृति विषयमा नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा उल्लेखित विषयमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता प्राप्त गरेको।

**(२) कार्य अनुभव:**

तल उल्लेखित मध्ये बुँदा (क) वा (ख) वा (ग) वा (घ) अनुसारको कार्य अनुभव भएको विवरण ।

(क) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त गरी वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्न टोली नेता वा टोलीसदस्यको रुपमा संलग्न रही कम्तिमा ३ वर्ष वा सो भन्दा बढी वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यको अनुभव भएको।

(ख) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ संस्थामा कम्तिमा रा.प.तृतीय श्रेणी वा सो सरहको पदमा १ वर्ष वातावरणीय अध्ययन प्रतिवेदनको पुनरावलोकन वा स्वीकृति प्रक्रिया वा शोध कार्यमा संलग्न भई कार्य गरेको।

(ग) विश्वविद्यालय तथा तिनका आंगिक क्याम्पसमा प्राध्यापक, सह-प्राध्यापक तथा उप-प्राध्यापक भई माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त गरी स्नातक वा सो भन्दा माथिल्लो तहमा कम्तिमा ३ वर्ष भन्दा बढी अध्यापन कार्य गरेको।

(घ) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त गरी कम्तिमा ३ वर्ष विषयगत क्षेत्रमा काम गरेको अनुभव भएको र वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ, मूल्याङ्कन तथा सिफारिस समिति वा यस्तै अन्य समितिमा विज्ञको रुपमा रही प्रतिवेदन पुनरावलोकन गरेको ।

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

फोटो

०८३।४।८
अजीत कुमार कर्ण
सचिव

(वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ, मूल्याङ्कन तथा सिफारिस समितिमा रहने विज्ञहरुको सूची (Roster) मा नाम समावेश गर्ने निवेदन फारम)

श्रीमान् प्रदेश सचिव ज्यू,
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
कणर्णाली प्रदेश, सुर्खेत ।

तहाँ मन्त्रालय अन्तर्गतको वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ मूल्याङ्कन तथा सिफारिस समितिमा रहने विज्ञहरुको सूची (Roster) मा मेरो नाम सूचीकृत गरिदिनु हुन निम्नानुसारको सत्य तथ्य विवरण खुलाई अनुरोध गर्दछु ।

१. नाम थरः
२. जन्म मितिः
३. स्थायी ठेगानाः
जिल्लाः..............................................न.पा./गा.पा.:.........................................
वडा नं..........................................टोल..............................................................
४. हाल बसोबास गरेको ठेगानाः
जिल्लाः..............................................न.पा./गा.पा..............................................
वडा नं......................................... टोल...................................................
५. सम्पर्क
फोन नं.:............................................मोवाइल नं.:.........................................
इमेलः...........................................................................................

६. शैक्षिक योग्यताः

| शैक्षिक योग्यता | प्राप्त गरेको शैक्षिक उपाधि | विश्वविद्यालय | अध्ययन गरेको अवधि | | अध्ययन गरेका मूल विषयहरु | श्रेणी/ प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| पि.एच.डि (PhD) | | | | | | |
| स्नातकोत्तर (Master's Degree) | | | | | | |

७. बहालवाला भए हालको नोकरी सम्बन्धी विवरण (भएमा २ वटा श्रेणी/तह सम्म खुलाउने):

| हालको पद | हालको पदमा नियुक्ति मिति | श्रेणी/तह | सेवा | समूह | उपसमूह | प्राविधिक/अप्राविधिक | निजामती/संस्थान/विश्वविद्यालय/अन्य क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

८. सेवा निवृत्त भएको भए अवकाश हुँदाको विवरण:

| अवकाश हुँदाको पद सम्बन्धी | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पदको नाम | श्रेणी/तह | सेवा | समूह | उपसमूह | प्राविधिक/अप्राविधिक | सेवा वर्ष | अवकाश मिति |
| | | | | | | | |

९. सेवा निवृत्त भएपछि कुनै निकायमा कार्यरत एवं प्रतिनिधि भएको भए सोको पूर्ण विवरण:

१०. प्रकाशित कृति भए मुख्य मुख्य कृतिहरुको नाम:

११. अनुसन्धान गरेको भए कुन कुन विषयहरुको अनुसन्धान गरेको हो, सो खुलाउने:

१२. दक्षताको क्षेत्र:

१३. दक्षताको क्षेत्रमा लिएको तालिम र अन्य विषय भए खुलाउने:

| तालिमको विषय | तालिम दिने संस्था | तालिम लिएको अवधि | | तालिम लिएको देश |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |
| | | | | |

१४. थप अरु केहि भए:

**नोट:**

(क) उल्लेखित विषयको विज्ञको रुपमा कार्य गर्न सम्बन्धित विषयमा अद्यावधिक हुनेछु ।

(ख) आफ्नो ठेगाना, फोन नं., मोवाइल नं., ईमेल लगायतका अन्य विवरणमा समेत कुनै परिवर्तन भएमा समयमै तहाँ मन्त्रालयमा जानकारी गराउनेछु ।

..................................

निवेदकको दस्तखत

पुनश्च: उल्लेखित विवरण भर्न स्थानाभाव भएमा छुट्टै पानामा विवरण भरी हस्ताक्षर सहित यसै साथ संलग्न गर्न सकिने छ। उल्लेखित विवरणको आधारमा सूचीमा नाम समावेश गर्ने अधिकार मन्त्रालयमा सुरक्षित रहनेछ।